मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



# पोखरापत्र
राष्ट्रिय दैनिक
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २९ गते बिहीबार ❑ 12 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## कोरला नाकामा पूर्वाधार निर्माण गर्ने नेपाल–चीन सहमति कार्यान्वन हुँदै जानेछ : अध्यक्ष दाहाल

पोखरापत्र संवाददाता
मनाङ, २८ जेठ



नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले कोरलानाकामा चीन सरकारले भन्सार, अध्यागमन तथा एकीकृत सुरक्षा पोष्टलगायत भौतिक संरचना निर्माण गरी दिने सहमति गरेको बताउनुभएको छ।

जिल्ला प्रशासन कार्यालय मुस्ताङले बुधबार आयोजना गरेको जिल्लास्थित सरकारी कार्यालयसँगको छलफल तथा अन्तर्क्रियामा माओवादी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री 'प्रचण्ड'ले आफ्नो चीन भ्रमणका बेला भएको सहमतिअनुसार काम हुँदै जाने विश्वास व्यक्त गर्नुभयो।

सहमतिअनुसार नेपाल पक्षले नै कोरला पूर्वाधार निर्माणका लागि स्पष्ट खाका पेस गर्न नसकेकै कारण पूर्वाधार निर्माणमा ढिलाइ हुन पुगेको अध्यक्ष दाहालको भनाइ छ। उहाँले कोरला नाकामा भौतिक पूर्वाधार निर्माण गर्नका लागि चीन सरकार अहिले पनि तयार रहेको उल्लेख गर्नुभयो। कोरला सडक मुस्ताङको मात्रै नभई समग्र राष्ट्रकै लागि आर्थिक समृद्धिको मेरूदण्ड भएकाले यसको रणनीतिक र दीर्घकालीन महत्त्व रहेको अध्यक्ष दाहालको भनाइ छ। कोरला नाकालाई पर्यटन र अन्तरराष्ट्रिय व्यापार तथा पारवाहन प्रवर्द्धनका लागि नाकामा संरचना बनाइदिन पऱ्यो भनेर प्रस्ताव राखेको उहाँले उल्लेख गर्नुभयो।

कोरला सडक आयोजनालाई जतिसक्दो छिटो सम्पन्न गर्न र सडक स्तरोन्नतिलाई तीव्रता दिन सकेमात्रै नेपालकै आर्थिक क्रियाकलापमा यस नाकाबाट योगदान पुग्ने अध्यक्ष दाहालले विश्वास व्यक्त गर्नुभयो। एक अर्को प्रशङ्गमा माओवादी अध्यक्ष दाहालले मुस्ताङको धार्मिक, सांस्कृतिक, भौगोलिक र प्राकृतिक रूपले विशिष्ट जिल्ला भएकाले यहाँ राष्ट्रिय र अन्तरराष्ट्रिय पर्यटक आउने गरेको बताउनुभयो। उहाँले एक्याप, स्थानीय तह र वनको त्रिकोणात्मक समस्या र चुनौती रहेको आफूले महसुस गरेको बताउनुभयो। अन्तरराष्ट्रिय मञ्चले नेपाललाई रू ५० करोड बजेट जलवायु अनुदान दिने सहमति गरेको भए पनि त्यसपछिको सरकारले त्यसप्रति खासै चासो नदिएको उहाँको भनाइ छ।

## स्थानीय तहका छ वटा अस्पताल प्रदेश सरकार मातहत ल्याउन पहल

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

गण्डकी प्रदेश सरकारले यहाँका विभिन्न स्थानीय तहमा सञ्चालित छ अस्पताललाई आफ्नो मातहत ल्याई सञ्चालन गर्ने पहल सुरु गरेको छ।

स्याङ्जाको वालिङ नगर अस्पताल, भीरकोट अस्पताल, तनहुँको कालीमाटी अस्पताल, लमजुङको सुन्दर बजार अस्पताल, बागलुङको बागलुङ नगर अस्पताल र बडिगाड आधारभूत अस्पताललाई प्रदेश सरकार मातहत ल्याउने गरी आवश्यक प्रक्रिया अगाडि बढाइएको प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिनुभयो।

"प्रदेश सरकारले जिम्मा लिएर अस्पताल सञ्चालन गर्नुपऱ्यो भनेर स्थानीय तहबाट पटकपटक अनुरोध आएको छ, ती अस्पताल बारे अध्ययन गर्न कार्यदल गठन गरिएको छ", उहाँले भन्नुभयो, "विस्तृत अध्ययनपछि प्रदेश सरकार मातहत कुनकुन अस्पताल ल्याउने या नल्याउने विषयमा आवश्यक निर्णय हुन्छ।" स्थानीय तहसँग पूर्वाधार र मानव संशाधनको अभावले ती अस्पताल प्रभावकारी रुपमा सञ्चालन हुन सकेका छैनन्। केही अस्पतालको भवन बने पनि सेवा सुरु हुन सकेको छैन।

स्वास्थ्यमन्त्री पाठकले मन्त्रालयको चिकित्सा सेवा महाशाखाका प्रमुखको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको जानकारी दिनुभयो। उक्त कार्यदललाई ती अस्पतालहरूको विद्यमान सेवा प्रवाहको स्थिति, भौतिक संरचना, मानव संशाधन, उपकरण, सेवाग्राहीको सङ्ख्या, आर्थिक अवस्थालगायत विषयमा अध्ययन तथा विश्लेषण गरी प्रतिवदेन पेस गर्ने जिम्मेवारी तोकिएको छ। छवटै अस्पताल स्तरोन्नति गर्दा लाग्ने लागत मूल्याङ्कन पनि सोही कार्यदलले तयार गर्ने स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो। सरकारले करोडौँ खर्च गरेर बनाएका आधारभूत अस्पताल भवनलाई अलपत्र पर्न दिन नहुने बागलुङको बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले बताउनुभयो। स्थानीय तहको आम्दानीको स्रोत कम हुने भएकाले अस्पताल सञ्चालन र व्यवस्थापनमा चुनौती देखिएको उहाँको भनाइ छ।

"आधारभूत अस्पतालको स्तरोन्नतिसँगै दिगो व्यवस्थापन तथा सञ्चालनका लागि तीनै तहका सरकारबीच आपसी सहयोग र सहकार्यको खाँचो छ", अध्यक्ष अधिकारीले भन्नुभयो, "हामीले स्वास्थ्य मन्त्रालय र स्वास्थ्य विभागसँग पनि मागपत्र बुझाएका छौँ, अस्पताल चलाउन जनशक्ति र उपकरणमा खाँचो छ, स्थानीय तहले मात्र यसलाई धान्न सक्ने अवस्था छैन।" बडिगाड गाउँपालिकाको केन्द्र ग्वालीचौरको पौँदीटारीमा गत वर्ष रु १८ करोडको लागतमा आधारभूत अस्पताल भवन बने पनि सञ्चालनमा आउन सकेको छैन। स्वास्थ्यमन्त्री पाठकले स्रोतसाधनले भ्याएसम्म आधारभूत अस्पतालहरूलाई जनशक्ति, उपकरण र व्यवस्थापकीय सहयोग गर्न प्रदेश सरकार तयार रहेको बताउनुभयो। तीनै तहका सरकार मिलेर आधारभूत अस्पताललाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ। सङ्घ सरकारले विसं २०७७ मा भूगोल र जनसङ्ख्याका आधारमा प्रत्येक स्थानीय तहमा पाँच, १० र १५ शय्याका आधारभूत अस्पताल बनाउने मन्त्रिस्तरीय निर्णय गरेको थियो। दुई वर्षमा अस्पताल भवन निर्माण पूरा गरी सेवा सुरु गर्ने उद्देश्य रहे पनि अधिकांश अस्पताल अझै सञ्चालनमा आउन सकेका छैनन्।

## गण्डकीमा द्वन्द्वपीडितहरू आन्दोलनको तयारीमा, आयोग बहिष्कार गर्ने चेतावनी

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ



गण्डकी प्रदेशका ९ जिल्लाका द्वन्द्व पीडितहरूको भेलाले हाल पुनर्र गठित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगलाई पूर्ण रूपमा अवैध, अपारदर्शी र दलीय भागबण्डामा आधारित भन्दै ती आयोगहरूलाई बहिष्कार गर्ने चेतावनी दिएका छन्।

संकटग्रस्त सङ्क्रमणकालीन न्याय प्रकृयाः अबको बाटो अवधारणाः सरकारलाई खबरदार बिषयक बुधबार पोखरामा आयोजित छलफल कार्यक्रममा सहभागि गण्डकी प्रदेशका ९ जिल्लाका द्वन्द्व पीडितहरूले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगलाई पूर्ण रूपमा अवैध, अपारदर्शी र दलीय भागबण्डामा आधारित भएको दबी गर्दै आयोगहरूलाई बहिष्कार गर्ने निर्णय गरेको हो। २०७९ सालको विस्तृत शान्ति सम्झौताको मर्म र द्वन्द्वपीडित समुदायको अधिकारलाई कुल्चिँदै सरकारले २०८२ वैशाख ३१ गते आयोगहरूमा गरेको नियुक्तिप्रति तीव्र असन्तुष्टि जनाउँदै पीडितहरूले न्याय खोजीको आन्दोलन अझ तीव्र बनाउने चेतावनी दिनु भएको हो।

उक्त भेलाले आन्दोलनको पाँच बुँदे विभिन्न कार्यकःम गर्ने निर्णय गरेको अपाङगता भएका द्धन्द्ध पिडितहरुको राष्ट्रिय संजालका अध्यक्ष सुरेन्द्र खत्रिले बताउनु भयो। उहाँका अनुसार आयोग बहिष्कार र उजुरी फिर्ता गर्ने, नयाँ आयोगहरूलाई 'कठपुतली' संज्ञा दिँदै ती संस्थागत रूपमा बहिष्कार गर्ने, जबर्जस्ती उजुरी प्रक्रिया अघि बढाइए उजुरीहरू फिर्ता लिने निर्णय समेत भेलाले गरेको छ। त्यसै गरी आयोग विघटनको माग गर्दै रणनीतिक मुद्दा लिएर सर्वोच्च अदालतमा जाने, र विगतका फैसला तथा अन्तरर्ष्ट्रिय मापदण्डहरूको पालना गराउन माग दाबी गरिने, सूचनाको भण्डाफोर र राजीनामाको माग नवगठित आयोगले पीडितको संवेदनशीलता, सुरक्षा र गोपनीयता विपरीत सूचना जारी गरेकामा त्यसको सार्वजनिक रूपमा भण्डाफोर गरिने, साथै, आयोगका आयुक्तहरू माथि राजीनामाको दबाब सिर्जना गरिने भएको छ।

नागरिक अवज्ञा, खबरदारी, विरोध कार्यक्रम सञ्चालन गर्दै स्थानीय तहसम्म आयोग बहिष्कारको सन्देश फैलाइने भएको छ भने स्वतन्त्र नागरिक सत्य आयोगको गठन गर्दै सत्य तथ्य अन्वेषण र पीडक पहिचान गरिने भएको छ। साथै, राष्ट्रिय संरचना असफल भएमा अन्तर्राष्ट्रिय विज्ञसहितको हाइब्रिड न्याय संयन्त्र गठनको पहल गरिने तथा पीडित समुदायले अझैसम्म न्याय नपाएको र नवगठित आयोगहरूबाट पनि आशा नगरेको स्पष्ट पार्दै, यस्तो आन्दोलन न्याय खोजीको अन्तिम विकल्प नभई निरन्तर संघर्षको अर्को चरण कार्यक्रम गर्ने भएको संजालले चेतावनी दिएको छ।

सरोकारवालाहरू– नागरिक समाज, सञ्चारकर्मी र मानवअधिकारकर्मीहरू–लाई साथ दिन संजालले आह्वान समेत गरेको छ। द्धन्द्ध पिडित राष्ट्रिय संजाल अध्यक्ष गोपाल शाह, बरिष्ठ अधिवक्ता राजु चापागाई, द्धन्द पिडित राष्ट्रिय महिला संजाल निवर्तमान अध्यक्ष सृजना श्रेष्ठ, द्धन्द पिडित बद्री बहादुर केसी लगायतले द्धन्द्ध पिडितहरुको समस्या अहिलेसम्म पनि सम्बोधन हुन नसक्नुमा सरकार र आयोगको दोषी भएको आरोप लगाउनु भयो।


## पोउवा संघले गऱ्यो हङकङको जिल्ला परिषद् सदस्य अरुणालाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ

पोखरा उद्योग वाणिज्य संघले आफ्नी हङकङ प्रतिनिधि तथा हङकङको जिल्ला परिषद् सदस्य अरुणा गुरुङको स्वागत र सम्मान गरेको छ।

पोखरा उद्यो वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की,पूर्वअध्यक्ष विश्वशंकर पालिखेसहित पदाधिकारी र संघका कार्यसमितिका सदस्यहरुले अरुणालाई बधाईसहित स्वागत गरेका हुन्। अरुणाले हङकङमा

बाँकी अन्तिम पृष्ठमा ▶▶



## फेवातालमा प्याराग्लाइडिङ दुर्घटना, दुई पर्यटक सहित ४ जनाको सकुशल उद्धार

पोखरापत्र संवाददाता
पोखरा, २८ जेठ



पोखराको फेवातालमा आज दिउँसो प्याराग्लाइडिङ दुर्घटना हुँदा दुई जना भारतीय पर्यटक सहित ४ जनाको सकुसल उद्धार गरिएको छ।

बुधबार दिउँसो करिब ३:२० बजेको समयमा हावाको गति तिव्र भएको कारण दुई वटा प्याराग्लाईडिङले तालमा फोर्स ल्याण्डिङ गर्दा दुई जना पर्यटक सहित ४ जनाको सकुशल उद्धार गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. २४ गण हे.क्वा. कालिका अन्तर्गतको फेवा रेस्क्यु टावरमा खटिएको टोलीले जनाएको छ।

फेवा रेस्क्यु सहित महावीर गण (रेन्जर) र नं. १ विपद् व्यवस्थापन गणको संयुक्त टोलीले उक्त प्याराग्लाईडिङ दुर्घटना हुन साथ तत्काल उद्धार गरेकोले ४ जनाको सकुशल उद्धार गरिएको सशस्त्र प्रहरी निरीक्षक हिरा गुरुङले बताउनु भयो। काभ्रे धुलिखेल नगरपालिका-१ निवासी अग्नि प्याराग्लाइडिङ कम्पनीका पाइलट ३० बर्षका मिलन शाह, पोखरा ६ का जाभु साथी प्याराग्लाइडिङ कम्पनी पोखराका २८ बर्षीय पाइलट विश्वास अधिकारीको साथमा भारतका दुई जना पर्यटकको उद्धार गरिएको उहाँले बताउनु भयो। भारतको बनारस निवासी ४१ बर्षका अकलेश यादव र भारत बनारस निवासी ३५ बर्षीय चन्दन कुमार पटेलको समेत उद्धार टोलीले सकुशल उद्धार गरेको हो। उहाँहरुको अबस्था हाल सामान्य रहेको नेपाल हवाई खेलकुद संस्था नाका अध्यक्ष अनिल केसीले बताउनु भयो। प्रतिकुल मौसमका कारण दिउँसो हावा हुरी आएकोले जमिनमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

# टोल टोलमा कविता सुनाउँदै, धर्मराजको आफ्नै मुक्तक संग्रह

**शोभाकान्त सिग्देल**
पोखरा, २८ जेठ

ए हजुर कुन कार्यक्रममा हो । कविता भन्न पाइन्छ, १५ वर्ष पहिला भेटको पहिलो वाक्य । ए पत्रकार भाई फेरि नयाँ लेखेको छु, हजुरको पत्रिकामा छाप्न मिल्छ । यसरी कलम चलाउँदा चलाउँदै आज पोखरामा धर्मराज पौडेलको नाममा परिचित अर्को नाम हो अल्पायू । हरेक सँग हँसीलो अनुहार मिठास वाक्य पस्कने उनकै बानीजस्तै बनिसकेको छ । कवि धर्मराज पौडेलका साथीभाइ हुन आफन्त हुन हरेक सँगको जम्काभेटमा भन्ने वाक्य हुन । कवि सानै उमेरदेखी गीत र कवितामा रुची देखिन्थ्ये । कक्षा तीनमा पढ्दा "साना साना छुना मुना चल्छन् चलल धरतीका आकाश हेर सधै झलल" भन्ने वोलको गीत गाएर सहित्य क्षेत्रमा होमिएका हुन धर्मराज । २०१८ साल साउन ४ गते स्व. कुलचन्द्र पौडेल र स्व. अन्नपूर्ण पौडेलको कोखवाट जन्मेका हुन् कवि पौडेल । कास्की लेखनाथ १३ तल्लो गगनगौडा जन्मभई हाल पोखरा वडा नं १३ संगम टोल बस्दै आएका छन् । १५ वर्ष सरकारी कार्यलयमा सेवा गरेका थिए पौडेल। जहाँ सिंचाई कार्यलयको जिल्ला, क्षेत्रीय हुँदै विभिन्न योजनाहरुमा सेवा गरी विजयपुरको सिंचाई योजनावाट उपदानमा निस्केका हुन । उपदान पछि जीवन गुजाराको लागि चिया पसल थापे, समय अनुसार आँफुलाई परिमार्जन गर्दै तरकारी पसल हुँदै किराना पसलको होलसेलरको अनुभव छ पौडेलसँग । वडा नं १३ मा बसाइ सुरु भएपछि अलिमियाँको संगतले कविता कोर्न प्रेणा मिलेको हो । साथै वडा नं १३ निवासी कवि ठाकुर प्रसाद सिग्देलसँग दाजुभाइको नाताले कविता




कोर्न र सुनाउने वाटोमा थप उर्जा मिलेको भने पौडेलले । कविता मात्र नभै पोखरावाट प्रकाशित हुने पत्रिकाहरुमा अलिमियाँको चर्चा, प्रजातन्त्र, गणतन्त्र, किसानका आवाज र समाजको यथार्त चित्रण गर्ने विषयमा लेख रचना प्रकाशित भएको स्मरण गराए कविले । यसरी साहित्य क्षेत्रमा होमिएका पौडेल वडा नं १३ को हरेक कार्यक्रममा निमन्त्रण हुन थाल्यो पौडेललाई । सुरु सुरुमा दुई व्यक्ति भेट भयो कि चोकको चिया पसलमा कविता वाचन, कहिले विद्यालयको कार्यक्रम पाइला टेक्यो लाजै नमानि समय मागि कविता वाचन, घरमा इष्टमित्र आएकी विश्राम पछि भावना बग्न सुरु भए पौडेलको ।

पौडेलले कविता सुनाउने ठाउँ कुनै तय हुँदैनथ्यो । सुरुमा केही साथीहरूले जिस्क्याए, कोही हाँसे, कोही रमाए तर पौडेलका शब्दहरूमा रहेको गहिरो अनुभूति र समाज परिवर्तनका शब्दले भरिएका कविताले बिस्तारै सबैलाई हृदय छुन थाल्यो । लोकभाकामा समेत कविता वाचन गर्ने पौडेलले समयसान्दर्भिक र गाउँले जीवनको दुःख-सुख कविता बनाउने स्रोत बने पौडेल भन्छन्, "मलाई लाग्थ्यो, कसैलाई मन भित्रका भावना केही बोल्न बाँकी छ । तिनै भावनाको आवाजलाई शब्द बनाएको हुँ ।" कविले पोखरापत्रसँगको कुराकानीमा फेरी विद्यालय पढ्दापढ्दै पोखेका आफ्ना भावना पोख्न थाले । जुन भावना २०६० साल पुस १३ मा पत्रिका मार्फत पस्केका थिए ।

"कुनै दिन वग्ला रगतका नदीहरु
म सपनीमा मात्र देख्ने गर्थे
आज म उही रगतको खोलीमा
आँफै डुवी रहेको छु ।"

यसरी पत्रिकामा कविता प्रकशान हुनु अघि कवि पौडेलका शुरुका कविता विद्यालयको भित्ते पत्रिकामा छापिए, कहिले केही साथीको जन्मदिनमा सुनाए । यसरी कवि चिनिदै आएका पौडेलले आज ६४ बसन्त पार गरेका छन् । उमेरले उनलाई केही पनि असर पारेको छैन । आज पनि उनको जोश १८ वर्षको युवाको भन्दा कम छैन । स्कुल जीवन देखी नै झोलामा किताबभन्दा बढी कविता कापी बोकेका पौडेलले यही हप्तामा मुक्तक संग्रह न घाम न जुन लिएर साहित्यिक वृत्तमा चर्चित बनिरहेका छन् । पोखरा भरीका साहित्यकार लगायत विशेष गरी वडा नं १३ का टोलवासीहरु, आमासमुह, साहित्यकार र समाजसेवीहरुको बाक्लो उपस्थितिमा यही जेठ २३ गते शुक्रवार मुक्तक संग्रह लोकार्पण भएको थियो । संग्रह लोकार्पण गर्दै नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त श्रेष्ठले अल्पायुलाई आफूले मौन कविको रुपमा पाएको बताए । कृति समीक्षा प्रस्तुत गर्दै प्राडा लक्ष्मीशरण अधिकारीले पाठकलाई एक क्षणका लागि मन्त्रमुग्ध पार्नु नै मुक्तकको शक्ति भएको उल्लेख गरे । साथै, उनले मुक्तकमा समसामयिक सूचनाको चेतना तथा सौन्दर्य आवश्यक रहने बताए । स्रष्टा 'अल्पायु' ले समीक्षकको सुझाव मनन गरेको बताउँदै आफूलाई प्रेरणा दिने सबैप्रति आभार व्यक्त गरे ।

प्राडा यमबहादुर पौडेल क्षत्रीले अल्पायुका रचनामा नेतृत्वबाट जनता ठगिएको चित्रण रहेको बताए । गण्डकी प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपति सूर्य खड्का 'बिखर्चीʼ ले कृतिबाट अल्पायु नभै समाजमा सदैव दीर्घजीवी भएको उल्लेख गरे । स्वतन्त्र पत्रकार संघ नेपालका केन्द्रीय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले अल्पायु बहुआयामिक व्यक्तित्व भएको भन्दै प्रशंसा गरे । कलाकार यादवचन्द्र भूर्तेलले कवि कलाकारले केही न केही सिर्जना गरिरहनुपर्नेमा जोड दिए ।

वडा नं १३ की वडा सदस्य सुचित तामाङले कवि अलिमियाँले आफ्ना कवितामा नेपाली समाज, प्रकृति र जीवनशैलीको चित्रण गरेर जानु भयो त्यसरी नै कवि धर्मराज पौडेलले कविता, गीत र मुक्तकमा आफ्नो गाउँको सौन्दर्य दर्शाउँदै गएकोमा खुशी पोखरापत्रलाई व्यक्त गरिन् । लेखनाथ साहित्य प्रतिष्ठानका कोषाध्यक्ष प्रतिमा शर्माले कवि पौडेलको जीवनी वारे प्रकाश पारेकी थिइन् । लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पद्मराज ढकालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा उपाध्यक्ष छवि सुवेदीले स्वागत र संस्कृत विद्यालय बगरका प्राध्यापक तथा सहित्यकार अम्बिका प्रसाद भट्टराईले संचालन गरेका थिए । कार्यक्रममा कवि धर्मराजले रचना गरेका गितहरु जन साँस्कृतिक मञ्च पोखराका सदस्यहरुले वाध्य वादनको प्रयोग गरि उपस्थितहरुलाई मन्त्रमुग्ध पारेका थिए ।

# प्रभावकारी बन्दै 'सिक्दै कमाउँदै' कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ



यहाँका सामुदायिक विद्यालयमा 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै' कार्यक्रम प्रभावकारी बनेको छ ।

पढाइसँगै जीवनपयोगी सीप सिकाउने लक्ष्यका साथ गण्डकी प्रदेश सरकारले सुरु गरेको कार्यक्रमप्रति पछिल्लो समय विद्यार्थीको आकर्षण बढेको हो । विद्यार्थीलाई विज्ञान विषयमा अभिरुचि जगाउँदै भविष्यमा वैज्ञानिक उत्पादन गर्ने कार्यक्रमको लक्ष्य रहेको गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयका निर्देशक घनश्याम पौडेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार जेहेन्दार, विपन्न एवम् सीमान्कृत वर्गका विद्यार्थीलाई शिक्षासँगै रोजगारीको अवसर सिर्जना गर्न प्रदेशका ३४ वटा सामुदायिक विद्यालयमा सो कार्यक्रम सञ्चालन गरिएका छन् । "पठनपाठनसँगै सीप प्रदान गरी आत्मनिर्भर बनाउने कार्यक्रमको मुख्य उद्देश्य हो", उहाँले भन्नुभयो, "कार्यक्रमले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि र आर्थिक स्तरीकरणसमेतमा सहयोग पुग्ने विश्वास छ ।" उक्त कार्यक्रममा दुई हजार ५०० विद्यार्थीले सहभागिता जनाएका छन् । प्रदेश सरकारको कार्यविधिअनुसार कार्यक्रम सुरुको अवस्थामा प्रत्येक विद्यालयलाई पाँच लाख रुपैयाँ र त्यसपछि प्रतिवर्ष दुई लाख रुपैयाँका दरले आर्थिक सहयोग गरिँदै आएको निर्देशक पौडेलले बताउनुभयो । प्रदेशका ३६ वटा सङ्घीय निर्वाचन क्षेत्रमा एक/एक 'स्टिमल्याब' स्थापना गरी सो कार्यक्रम सञ्चालन गरिएका छन् । नवलपुर जिल्लाको देउचुली नगरपालिकास्थित भिमसेन आदर्श माविमा उक्त कार्यक्रम अन्तर्गत विद्यार्थीले नौमती बाजा एवम् मौरीपालन गरी आयआर्जन गरेको मन्त्रालयका उपनिर्देशक ऋषिराम बास्तोलाले जानकारी दिनुभयो । कार्यक्रम सञ्चालन भएसँगै सो विद्यालयमा यसवर्ष १५० जना विद्यार्थी नयाँ भर्ना भएको विद्यालयले जनाएको छ । बास्तोलाले भन्नुभयो, "प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने, लक्षित समुहका विद्यार्थीको उच्च शिक्षामा पहुँच विस्तार र तह पुरा गर्ने दर बृद्धि गर्न छात्रवृत्ति कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।"

विद्यालयले विद्यार्थीको सैद्धान्तिक ज्ञानलाई सीपसँग जोड्ने काम गरिरहेका छन् । विद्यार्थीलाई सिकेका ज्ञान प्रयोगमा उतार्न विद्यालय हाताभित्र तरकारीखेती, हस्तकलाका सामग्री उत्पादन, पशुपालनलगायत गर्दै आएका छन् । कक्षा ६ देखि १२ सम्मका विद्यार्थी कार्यक्रममा सहभागी गराइएको छ ।

# नरभक्षी चितुवा नियन्त्रण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

बन्दीपुर गाउँपालिकामा चितुवाको आक्रमणबाट बालबालिकाको मृत्यु हुन थालेपछि नरभक्षी चितुवा नियन्त्रण गरिने भएको छ । जिल्ला प्रशासन कार्यालयमा मङ्गलबार बसेको सरोकारवालाको बैठकले नरभक्षी चितुवा नियन्त्रणका लागि बुधबारदेखि खोजतलास गर्ने निर्णय गरेको हो ।

प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीको अध्यक्षतामा बसेको बैठकले सुरक्षाकर्मी, स्थानीयवासीको सहयोगमा चितुवा नियन्त्रणको प्रयास गर्ने निर्णय गरेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो दुई महिनामा बन्दीपुर गाउँपालिका-२ मा चितुवाको आक्रमणबाट दुई बालबालिकाको मृत्यु भइसकेको छ । बन्दीपुरका स्थानीयवासीले आज प्रशासन कार्यालय अगाडी नाराबाजी गर्दै चितुवा नियन्त्रण गर्नुपर्ने माग गरे । सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले चितुवा नियन्त्रणका लागि स्थानीय जनशक्ति परिचालन गर्ने, सो जनशक्तिबाट सम्भव नभए राष्ट्रिय निकुञ्ज विभागलाई आग्रह गर्ने निर्णय गरिएको जानकारी दिनुभयो । त्यसैगरी वन क्षेत्रको अध्ययन गरी चितुवाको गणना गर्न गण्डकी प्रदेश सरकारसँग आग्रह गर्ने निर्णय गरिएको उहाँले बताउनुभयो । चितुवाको आक्रमणबाट सोमबार साँझ बन्दीपुर गाउँपालिका-२ कुवादीका छ वर्षीय उत्सव गुरुङको मृत्यु भएको थियो । घरको आँगनमा खेलिरहेका गुरुङलाई चितुवाले आक्रमण गरेको थियो । त्यसैगरी गत चैत २९ गते बन्दीपुर गाउँपालिका-२ कामीडाँडामा चितुवाको आक्रमणबाट १० वर्षीया अनुजा विकको मृत्यु भएको थियो ।

डिभिजन वन कार्यालय तनहुँले घटनास्थल वरपर सबै सतर्क भइ सुरक्षित रहन आग्रह गरेको छ । तनहुँको भानु, बन्दीपुर, आँबुखैरेनी क्षेत्रमा चितुवाको आतङ्क छ । चितुवाको आक्रमणबाट पछिल्ला आठ वर्षमा १६ बालबालिकाले ज्यान गुमाएका छन् ।

## पोउवा ...

रहेर त्यहाँका उद्योग वाणिज्य संघहरुमा आयोजना हुने कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघको प्रतिनिधित्व गर्दै आएकी छन् । हङकङ सरकारले उनलाई सन् २०२४ मा नै याउचिम मोङ जिल्लाको प्रतिनिधित्व गर्ने गरी परिषद् सदस्यमा नियुक्त गरेको थियो । नेपाली तथा जातीय अल्पसंख्यकको प्रतिनिधित्व गर्दै नेपाली समुदायबाट हङकङमा यो पदमा पुग्ने अरुणा पहिलो हुन् । उनको कार्यकाल सन् २०२७ सम्म रहेको छ ।



पोखरा उद्योग वाणिज्य संघको नेपाल च्याम्बर अफ कमर्स हङकङसँग भगिनी सम्बन्ध रहेको छ । पोउवा संघ र तथा नेपाल च्याम्बर अफ कमर्स हङकङबीच सन् २०१८ नै आपसी सहयोग आदान-प्रदानसम्बन्धी समझदारी भएको थियो । नेपाल च्याम्बर हङकङको २०८० साल असार १३ गते सम्पन्न १५ औं महाधिवेशनमा चाहिँ औपचारिक रुपले भगिनी सम्बन्ध स्थापना भएको थियो । त्यहाँ हुने कार्यक्रममा पनि पोउवा संघको तर्फबाट अरुणाको प्रतिनिधित्व रहँदै आएको छ ।

स्वागत कार्यक्रममा बोल्दै पोउवा संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरामा विदेशी लगानी भित्र्याउन तथा पर्यटन प्रवर्द्धनको लागि अरुणाबाट प्राप्त सहयोगको मुक्तकण्ठले प्रशंसा गरे । उनले पोखरा भ्रमण वर्ष २०२५ लाई हङकङमा प्रचार गर्नको लागि अरुणालाई आग्रह पनि गरे । नेपाली चेलीले हङकङको डिष्ट्रिक्ट काउन्सिलर पद प्राप्त गर्नु संघको लागि गौरवको विषय भएको उनको भनाइ थियो । सम्मान ग्रहणपछि बोल्दै अरुणाले आफूले हङकङमा रहेका नेपालीसहित अल्पसंख्यकको अधिकारको पक्षमा निरन्तर काम गर्दै आएको र नेपालको प्रचार गर्ने मामिलामा पनि कुनै कसर बाँकी नराखेको बताइन् । केही वर्ष पहिलासम्म हङकङ जाँदा नेपालीले एयरपोर्टमै भिसा पाउने अवस्था रहेको स्मरण गर्दै उनले भनिन्,'अहिले भिसा पाउनै समय लाग्ने भएको छ, भिसा प्रक्रिया सरलीकरणको लागि पनि मैले सक्दो प्रयत्न गरेको छु ।' हङकङमा रहेका धनाढ्यहरु उद्योगपतिहरुले लगानीको नयाँ क्षेत्र खोजिरहेको बताउँदै उनले त्यसका लागि नेपाल सरकारले सम्भावनाको क्षेत्रसहितको जानकारी दिनुपर्ने बताइन् ।

पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष विश्वशंकर पालिखेले अरुणाको उपलब्धिले नेपालीको शिर उच्च बनाएको बताउँदै नेपाल प्रवर्द्धनका निम्ति उनीबाट सरकारले नै सहयोग लिनुपर्ने बताए । पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यको धन्यवाद तथा उपमहासचिव सुदीप प्रधानाङ्गको स्वागत रहेको कार्यक्रममा अरुणाका पति कुलप्रसाद गुरुङ पनि उपस्थित थिए ।

**बास्तोलाथर टोल बिकास संस्थाको सूचना**

**यस बास्तोलाथर टोल विकास संस्था पोखरा-९ को यहि मिति २०८२ जेष्ठ ३१ गते शनिबारको दिन साधारण सभा तथा अधिवेशन भएको हुदाँ सम्पूर्ण बास्तोला थरमा स्थाई, अस्थाई रुपमा बसोबास गर्ने बुबा, आमा, दाजु, भाउजु, भाइ, बुहारी, छोराछोरीहरुलाई उल्लेखित समय र स्थानमा उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौं ।**

**कार्यक्रम:**
**मिति: २०८२ जेष्ठ ३१ गते शनिबार**
**समय: बिहान ठिक ८:00 बजे**
**स्थान: श्रीकृष्ण मन्दिर परिसर**

**प्रार्थी**
**बास्तोलाथर टोल बिकास संस्था**
**पोखरा-९, सम्पर्क नं. ९८५६०२२४०३**

## फेवाताल ...

ल्याण्डिङ गर्न कठिन भई तालमा फोर्स ल्याण्डिङ गरिएको उहाँले जनाउनु भयो । मौसममा आएको परिवर्तनसंगै आफुहरुले सबै प्याराग्लाग्लाईडिङ पाइलटहरुलाई सेट मार्फत खबर गरेर अन्य १७ जनालाई तत्काल अवतरण गर्न निर्देशन दिएको प्राविधिक विजय गौमतले बताउनु भयो । दुई जनाले जमिनमा ल्याण्डिङ गर्न कठिन भएकोले गर्दा सुरक्षित अवतरणको लागि फोर्स ल्याण्डिङ तालमा गरिएको उहाँले जनाउनु भयो । फेवा रेस्क्यु टावरमा खटिएको टोलीले मोटरबोट प्रयोग गरी चारैजनाको उद्दार गरेको हो। घटनास्थलमा सशस्त्र प्रहरी निरीक्षक हिरा गुरुङ को कमान्डमा पाँच जना सहितको टोलीले सक्रियता पूर्वक उद्दार कार्य सञ्चालन गरेको थियो। साथै, सशस्त्र प्रहरी हवल्दार सन्तोष श्रेष्ठ र दुई जना गोताखोर सहितको विपद् व्यवस्थापन टोलीले पनि उद्दारमा खटिएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिलावाडीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# एक सातामै तुहेको राजावादीको आन्दोलन

राजसंस्था पुनःस्थापना र हिन्दू अधिराज्यको पुनःस्थापनाका लागि राजावादी शक्तिहरू गोलबद्ध भएर गत जेठ १५ गतेदेखि शुरु आन्दोलन एक सातामै स्थगित भएको छाचैत १५ गतेको आन्दोलन हिंसात्मक बनेपछि नेपालमा गणतन्त्र घोषणा भएको दिन जेठ १५ गतेबाट गणतन्त्र विरुद्धको आन्दोलन शुरू गरेका थिए । राजसंस्था फर्काउन गठित संयुक्त जनआन्दोलन परिचालन समितिले काठमाडौं केन्द्रित दोस्रो चरणको आन्दोलन अनिश्चितकालीन चल्ने घोषणा गरेको थियो । समितिको अग्रसरतामा जेठ १५ गते काठमाडौंको शान्तिवाटिका क्षेत्रमा प्रदर्शन भयो । त्यसपछि सिफल चौर, माइतीघर क्षेत्र, नक्सालको नारायणचौर लगायत स्थानमा आन्दोलन पाँच दिन चलेर जेठ २० गतेपछि हुन सकेको छैन ।

सरकारलाई सम्झौताका लागि दबाब दिने योजनासहित निरन्तर गर्ने भनिएको राजावादीको आन्दोलन बीचैमा रोकिनु स्थानीयवासीको समर्थन नहुनुले हो । नयाँ पुस्ताले राजाको शासन चाहँदैनन भन्ने सन्देश हो । राजसंस्थाको वकालत गर्ने राप्रपालाई विश्वास नगरेर ८६ बर्षका नवराज सुवेदीलाई कमाण्डर बनाएपछि राजावादीमै असन्तुष्टि बढेको थियो । राजावादीमै ठूलो पार्टी र जनमत नभएका नेताहरूबीचको टकरावले कार्यकर्ता र शुभेच्छुकलाई खिन्न बनाएको थियो । जवर्जस्ती पेलेर लान खोज्ने शैलीले स्वाभिमानी र अनुभवी कार्यकर्तामा निराशा बढ्दै जाँदा आन्दोलन विसर्जन चाहिएको थियो । आन्दोलन चर्काउने भन्दा शिथिल बनाएर राजा ज्ञानेन्द्रलाई मनोवैज्ञानिक रुपमा कमजोर बनाउन चाहने सफल भएका छन ।

राजावादी अभियानको एक शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनको भनाइमा वर्षा लागेकाले आन्दोलन रोकिएको हो। शनिबार झापाको हल्दीबारी पुगेका उनले भने, "वर्षा लागिसकेकाले अब ठूलो आन्दोलन हुँदैन। उपयुक्त समयमा पार्टीले आन्दोलन गर्नेछ।" आन्दोलन कसैको लहड र प्रतिशोधमा हुँदैन भन्ने गतिलो उदाहरण हो राजावादी आन्दोलन । समर्थकहरूको उपस्थिति घटेपछि आन्दोलन थलिएको थियो । आन्दोलन सफल नहुने देखिएपछि बर्खाको बहाना बनाउँदै पछि हटेको सरकारको बुझाइ छ ।

आन्दोलनमा मान्छे स्वतस्फूर्त आएकोभन्दा पनि ल्याइएको हुनाले धेरै दिन टिक्न नसकेको बुझ्न सकिन्थ्यो । "सहभागीहरू कति दिन बोकेर ल्याउने? त्यसैले यो धेरै दिन टिक्ने आन्दोलन नै थिएन ।" राजावादी आन्दोलनमा आएका केही व्यक्ति गणतन्त्रवादी दलहरूप्रतिको निराशा र असन्तुष्टि पोख्न सहभागी भएका थिए । राजसंस्था फर्काउने पक्षमा उनीहरू नभएकाले आन्दोलन टिक्न नसकेको हो । आन्दोलन हाँक्ने कोही नभएपछि आन्दोलनकारीले विभिन्न बहाना बनाएका हुन ।

राजसंस्था ब्युँताउने अजेन्डामा बल्लतल्ल गोलबद्ध भएका राजावादी शक्तिहरूबीच आन्दोलनबारे रणनीतिक मतभेद देखिन थाल्यो। जेठ २१ गते बसेको संयुक्त जनआन्दोलन परिचालन समितिको समीक्षा बैठक होहल्लापछि बिथोलिएको थियो। खासगरी युवाहरूले पाका नेताहरूले आन्दोलन अघि बढाउन नसक्ने जिकिर गरेका थिए।त्यही भेलाले आन्दोलन तुहाउन सघाएको हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# एघार करोड लगानीमा रिसोर्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

प्रकृतिप्रेमी पर्यटकलाई लक्ष्य गरी कास्कीको पोखरा महानगरपालिका-३१ पचभैयामा हिमालयन फरेष्ट रिसोर्ट सञ्चालनमा ल्याइएको छ । रु ११ करोड लगानीमा बनेको उक्त रिसोर्टमा ११ जनाले रोजगारी पाएका सञ्चालक प्रमोद भण्डारीले बताउनुभयो ।

पोखराको दोस्रो ठूलो ताल बेगनास र रुपाताल घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि सुविधायुक्त रिसोर्ट सञ्चालन गरेको उहाँको भनाइ छ । रिसोर्टमा विभिन्न श्रेणीका २१ वटा कोठा छन् । "न्यूनतम रु दुई हजारदेखि बढीमा रु पाँच हजार ५०० सम्मका कोठा हामीकहाँ छन्, खानामा पनि स्वदेशी र विदेशी दुवै परिकार उपलब्ध छ", सञ्चालक भण्डारीले भन्नुभयो । रिसोर्टमा एक दिनमा ६० जनासम्म पाहुना राख्ने क्षमता छ। ताल, हिमाल, वनजङ्गललगायत प्राकृतिक सम्पदाको दृश्यावलोकनका लागि पर्यटक पचभैया पुग्ने गर्छन् । चरा अवलोकनका लागि पनि उक्त क्षेत्र उपयुक्त मानिन्छ । "पोखराको व्यवस्त दैनिकी र कोलाहल छलेर शान्त रात बिताउन पर्यटक बेगनास क्षेत्रमा आउने गरेका छन्", उहाँले भन्नुभयो, "प्राकृतिक वातावरण आतिथ्य सेवा दिने उद्देश्यले रिसोर्ट सञ्चालनमा ल्याइएको हो ।" रिसोर्टको औपचारिक उद्घाटन नभए पनि दुई महिनादेखि सेवा दिन सुरु गरेको उहाँले बताउनुभयो । पोखराको बैदाममा विगत १८ वर्षदेखि अन्य व्यवसाय गर्दै आउनुभएका भण्डारीले रिसोर्टमा पहिलोपटक लगानी गर्नुभएको हो । शिक्षण पेसामा रहँदा पचभैया मन परेपछि जग्गा किनेको र अहिले सोही ठाउँमा रिसोर्ट खोल्नुभएको हो । "स्वदेशमै आत्मनिर्भर बन्नुपर्छ सोचले रिसोर्टमा लगानी गरेको हुँ", उहाँले भन्नुभयो ।

उक्त क्षेत्रमा महँगादेखि सामान्यस्तरका होटल तथा रेष्टुराँ सञ्चालनमा छन्। लेखनाथ होटल तथा रेष्टुराँ एशोसियसनका अध्यक्ष वीरभद्र कँडेलले त्यस क्षेत्रमा १३७ होटल तथा रेष्टुराँ व्यवस्था सञ्चालन रहेको जानकारी दिनुभयो । ठूलो लगानीका रुपाकोट रिसोर्ट, बेगनास रिसोर्टलगायतका रिसोर्ट तथा होटलले स्वादेशी र विदेशी पर्यटकलाई आतिथ्य सेवा दिँदै आएका छन् । प्राकृतिक सुन्दरता, मठमन्दिर, जातजातिको विविधतापूर्ण बसोबास, मौलिक संस्कृति, रहनसहन, स्थानीय उत्पादन आदिले बेगनास क्षेत्रमा पर्यटकलाई आकर्षित गर्ने गरेको छ । सात तालको बाटिका भनेर चिनिने लेखनाथ क्षेत्रमा बेगनास ताल पर्छ । बेगनास नजिकै उस्तै रमणीय रुपा, दिपाङ, खास्टे, न्युरेनीलगायत ताल अवस्थित छन् । पोखराको पृथ्वीचोकदेखि १४ किमि र तालचोकदेखि साढे तीन किमी यात्रापछि बेगनास पुग्न सकिन्छ । बेगनास क्षेत्रमा स्तरीय सडक पूर्वाधार र बसपार्कको भने समस्या छ । तालचोक-बेगनास सडक विस्तार सुस्त गतिमा हुँदा पर्यटन क्षेत्र मारमा परेको पर्यटन व्यवसायीहरुको गुनासो छ ।

# मर्स्याङ्दी नदीमा मनसुन विपद् उद्धार अभ्यास

**पोखरापत्र संवाददाता**
मनाङ, २८ जेठ

मनसुन सुरूआतसँगै हुनसक्ने विभिन्न विपद् उद्धार अभ्यास गरिएको छ । नेपाली सेना नयाँ भैरवी दल गुल्म र सशस्त्र प्रहरी बल नं ३२ गुल्म मनाङको संयुक्त आयोजनामा आज नासो गाउँपालिका-१ तालगाउँस्थित मर्स्याङ्दी नदीमा मनसुन विपद् उद्धार अभ्यास गरिएको छ ।

मनसुनलाई मध्यनजर गरी नेपाली सेना, सशस्त्र प्रहरी बललगायत सुरक्षा निकायले विपद् उद्धार अभ्यासमा प्राथमिकता दिँदै आएको छ ।

नेपाली सेना तथा सशस्त्र प्रहरीलगायत सुरक्षा निकायले विपदमा उद्धार गर्न सहयोग पुऱ्याउने उद्देश्यले 'मनसुन विपद् उद्धार अभ्यास एवं डेमोस्ट्रेसन' गरिएको नेपाली सेना नयाँ भैरवी दल गुल्मका गुल्मपति सेनानी रामबहादुर थापाले जानकारी दिनुभयो । उहाँका अनुसार मुनसुनमा घट्नसक्ने बाढी, पहिरो, डुबान एवं विपद् उद्धार अभ्यासले मद्दत पुग्नेछ । जिल्ला विपद् व्यवस्थापन समिति संयोजक एवं प्रमुख जिल्ला अधिकारी मात्रिका आचार्यले मनसुन सक्रिय हुने अवस्थामा विपद्का घटना हुनसक्छन्, त्यस अवस्थामा उद्धारका अभ्यासले टेवा पुऱ्याउने बताउनुभयो । उहाँले भन्नुभयो, "अभ्यासले जनचेतना जगाउन सहयोग गर्ने गर्दछ ।"

सशस्त्र प्रहरी बल नं ३२ गुल्मका प्रहरी नायब उपरीक्षक हिराबहादुर जिसीले भन्नुभयो, "अभ्यासले सुरक्षा निकायलाई अभ्यस्त बनाउनुका साथै स्थानीयलाई पनि सचेत गराउन मद्दत पुग्छ ।" स्थानीय निकाय तथा सरोकारवाला निकायबीचको सहकार्यमा विपद्का घटनामा नेपाली सेना र सशस्त्र प्रहरी बलले प्रभावकारी काम गर्ने उहाँको भनाइ छ ।

नेपाली सेना र सशस्त्र प्रहरी बललगायत सुरक्षा निकायले आगलागी, सडक दुर्घटना, जल उत्पन्न प्रकोप, भूकम्पजस्ता विपद्जन्य घटनामा खोज तथा उद्धार गर्दै आएको छ । बाढी र डुबानमा परेकाको उद्धार गर्नेबारे अभ्यास गरेको हो । अभ्यासले वास्तविक उद्धारमा काम गर्न सहज हुने बताइएको छ । अभ्यासमा दक्ष जनशक्तिले गहिराइमा डुबेका पीडितको उद्धार गर्ने कला प्रदर्शन गरेका थिए। भदौ, आश्विन र कात्तिकमा सडक दुर्घटना, महामारी, चट्याङसम्बन्धी, मङ्सिर, पुस र माघमा 'लु' तथा 'डिहाइड्रेसन', शीतलहर तथा जाडोसम्बन्धी, फागुन र चैतमा आगलागी, हावाहुरी तथा आँधीबेरी र वैशाख, जेठ र असारमा जल उत्पन्न प्रकोप र बाढी पहिरोसम्बन्धी विपद् सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । विसं २०७८ जेठ २९ र असार १ गतेको बाढीको डुबानमा परेका तालगाउँमा उद्धार अभ्यास गरिएको छ । जसले यहाँका स्थानीयवासीलाई उद्धारका अभ्यासले जनचेतना जगाउनेछ ।

# गर्मी छल्न त्रिशूलीमा र्‍याफ्टिङ

**पोखरापत्र संवाददाता**
दमौली, २८ जेठ



उखरमाउलो गर्मीले वातावरण तातेको छ । केही दिनअघि पूर्वी क्षेत्रमा झुलुक्क देखिएको मसुसन त्यतै अड्किएको छ । पानी नपर्दा तापक्रम ३१ डिग्रीसम्म पुगेको छ । बढ्दो तापक्रमले घरबाहिर निस्कन पनि नसक्ने अवस्था छ ।

त्यसैले त देशका विभिन्न ठाउँबाट बढ्दो गर्मी छल्न मानिसहरु त्रिशूली नदीमा र्‍याफ्टिङका लागि आउन थालेका छन् । काठमाडौं तथा चितवनबाट गाडीमा दुई/तीन घण्टामै पुगिने त्रिशूली नदीमा र्‍याफ्टिङ गर्नेको सङ्ख्या केही दिनयता बढेको हो । र्‍याफ्टिङ मात्रै होइन यतिबेला त्रिशूलीमा 'क्लिफ जम्प' गर्दै नदीको चिसो पानीमा रमाउनेहरु देखिन्छन् ।

त्यसो त यो र्‍याफ्टिङका लागि सबैभन्दा उपयुक्त समय पनि हो । लामो समयदेखि र्‍याफ्टिङ व्यवसाय सञ्चालन गर्दै आउनुभएका त्रिशूली रिभर साइड रिसोर्ट र त्रिशूली भिल्लाका सञ्चालक उद्धव कँडेल यतिबेला र्‍याफ्टिङका लागि आउनेहरुको सङ्ख्या उल्लेख्य बढेको बताउनुहुन्छ ।

"र्‍याफ्टिङका लागि यो अनुकूल समय हो, वर्खा सुरु नभएकाले नदीमा पानीको सतह पनि बढेको छैन", उहाँले भन्नुभयो, "पारिवारिक साहसिक गतिविधि भएकाले र्‍याफ्टिङ गर्नेहरु बढेका छन् ।" बिदाका दिन आउने, र्‍याफ्टिङ गर्ने र रिसोर्ट तथा भिल्लामा एक रात बिताउनेहरु बढेको उहाँको भनाइ छ ।

उहाँका अनुसार त्रिशूलीमा खासगरी काठमाडौं, चितवन, पोखरालगायतकासहरबाटमानिसहरुआउने गरेका छन् । "कतिपय मानिसहरु काठमाडौं-चितवन-पोखराको यात्राका क्रममा पनि र्‍याफ्टिङ गरेर जानेहरु हुनुहुन्छ, त्यसबाहेक काठमाडौंरचितवनबाटप्याकेजमा र्‍याफ्टिङलगायतका गतिविधिका लागि आउनेहरु हुनुहुन्छ", उहाँले भन्नुभयो । यहाँ आउनेहरु गर्मी छल्ने मात्रै नभइ नदीमाथि स्काइ साइकलिङलगायतका गतिविधिका लागि पनि आउने गरेको उहाँको बुझाइ छ ।

त्रिशूली नदीमा र्‍याफ्टिङ निकै सहज भएकाले काठमाडौंबाट चितवन वा पोखरा जाने जोकोहीले पनि बाटोमा र्‍याफ्टिङ गर्न सक्छन् । "र्‍याफ्टिङ सबै उमेर समूहका लागि हो", सञ्चालक कँडेलले भन्नुभयो ।

र्‍याफ्टिङ गाइड मिथुन श्रेष्ठका अनुसार त्रिशूली नदी आफैंमा र्‍याफ्टिङका लागि प्रमुख गन्तव्य हो । परिवार तथा साथीहरुको समूहमा नदीमा र्‍याफ्टिङ गर्दा र्‍यापिड (पानीको भङ्गालो) मा पैंठेजोरी खेल्दै जानुको अनुभव निकै रोमाञ्चक हुने उहाँको अनुभव छ । काठमाडौंबाट नजिकैको गन्तव्य र सहज यातायातको पहुँचका कारणले त्रिशूली र्‍याफ्टिङको प्रमुख गन्तव्य बनेको छ ।

# 'प्रचण्ड कप' राष्ट्रिय महिला भलिबल : पुलिस र न्यु डायमण्ड सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ



विभागीय टोली नेपाल पुलिस क्लब र न्यु डायमण्ड स्पोर्टस् क्लब पोखरामा जारी 'प्रचण्ड कप' राष्ट्रिय महिला भलिबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् ।

पोखरा रङ्गशालाको कभर्डहलमा बुधबार सम्पन्न खेलमा दुवै टोलीले जित हासिल गर्दै अन्तिम चारमा यात्रा तय गरेका हुन् । समूह 'ए' को दोस्रो खेलमा पुलिसले स्टेप रामपुरलाई र अर्को खेलमा न्यु डायमण्डले घरेलु टिम गण्डकीलाई ३-० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा स्थान पक्का गरे । पुलिसले स्टेप रामपुरलाई २५-७, २५-९ र २५-९ को सहज जित दर्ता गरी समूह 'ए' को विजेता बनेको हो । पुलिसले मङ्गलबार भएको उद्घाटन खेलमा अर्को विभागीय टोली एपिएफ क्लबलाई ३-० ले पराजित गरेको थियो । यसैगरी आजको दोस्रो खेलमा न्यु डायमण्डले नेपाली टिमकी कप्तान अरुणा शाहीकै कप्तानीमा नयाँ खेलाडीहरु लिएर मैदानमा उत्रिएको गण्डकीलाई पराजित गरेको छ । राष्ट्रिय खेलाडीले भरिएको डायमण्डले गण्डकीलाई २५-८, २५-१० र २५-१२ को सोझो सेटमा पन्छाएको हो । यसैगरी बिहीबार लिग चरणका दुई खेल हुने भएको छ । पहिलो खेल दिउँसो ३:०० बजे एपिएफविरुद्ध स्टेप रामपुर र अर्को खेल ५:०० बजे गण्डकीविरुद्ध एभरेष्ट भलिबल क्लबबीच खेल हुने भएको नेशनल स्पोर्टस् एकेडेमीका अध्यक्ष दीपक कोइरालाले बताउनुभयो । यही जेठ ३१ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको च्याम्पियन टोलीले रु छ लाख, उपविजेताले रु तीन लाख, र तेस्रो हुने टिमले रु एक लाख पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी उत्कृष्ट खेलाडीले रु २० हजार तथा विभिन्न विधागत उत्कृष्ट खेलाडीले जनही रु १० हजारका दरले पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

# 'प्राकृतिक स्रोतको उचित परिचालन गरी आर्थिक परिवर्तन ल्याउन सकिन्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्राकृतिक स्रोतको उचित व्यवस्थापन र परिचालन गरेर मुलुकमा आर्थिक परिर्वतन ल्याउन सकिने धारणा राख्नुभएको छ ।

म्याग्दी हुँदै मुस्ताङ जाने क्रममा आज बिहान म्याग्दीको अन्नपूर्ण गाउँपालिकास्थित भुरुङ-तातोपानी, रुप्से झरना र अन्धगल्छीको अवलोकनपछि जनप्रतिनिधि र स्थानीयसँग अन्तरक्रिया गर्दै उहाँले प्राकृतिक स्रोतलाई उचित व्यवस्थापन गरी पर्यटन प्रवर्द्धनको आधार बनाउन सकिने सम्भावना रहेको बताउनुभयो । "चीन र भारतलाई जोड्ने रणनीतिक महत्त्वको कालीगण्डकी करिडोर सडकको अवस्था, प्राकृतिक स्रोतको सम्भावना र परिचालनका विषयमा छलफल, पूर्वाधार विकासको आवश्यकता तथा जनताका समस्या बुझ्न पोखराबाट सडक मार्ग हुँदै मुस्ताङ जाने निर्णय गरेको हुँ", उहाँले भन्नुभयो, "म्याग्दीमा रहेका प्राकृतिक तातोपानीका मुहानलाई संरक्षण, प्रवर्द्धन र व्यवस्थित गरेर स्वास्थ्य पर्यटनको विकास गराउन सकिने सम्भावना देखेको छु ।"

कालीगण्डकी र आसपासका नदीहरूमा निर्माण भइरहेका जलविद्युत् आयोजनामा रोजगारीका अवसर सृजना हुनुका साथै हिमाल, झरना र रमणीय दृष्यावलोकनमा पर्यटकको आकर्षण बढाउन प्राकृतिक सम्पदाको पहिचान, प्रवर्द्धन र विकास गर्नुपर्नेमा अध्यक्ष दाहालले जोड दिनुभयो । पर्यटन प्रवर्द्धनमार्फत नागरिकको आर्थिक अवस्थामा परिवर्तन ल्याउन सकिने उहाँको भनाइ छ । भुरुङ-तातोपानी कुण्डमा स्नान गरी अध्यक्ष दाहालले अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, पूर्वअध्यक्ष डमबहादुर पुन, स्थानीयवासीलगायत नेताकार्यकर्तासँग अन्तरक्रिया गर्नुभएको थियो । अन्तरक्रियाका क्रममा स्थानीयवासीले बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा पहिरो नियन्त्रण तथा कटान रोकथाम गरेर सुरक्षित रूपमा नियमित यातायात सञ्चालनको व्यवस्था मिलाउन माग गरेका थिए । अध्यक्ष दाहालले रणनीतिक महत्त्वको बेनी-जोमसोम-कोरला सडक स्तरोन्नतिलाई पूर्णता दिन, पहिरो तथा नदी कटान रोकथाम गर्न र कोरला नाका व्यापारिक रूपमा सञ्चालनमा ल्याउन सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता जनाउनुभयो ।

देशका विभिन्न ठाउँमा पुग्दा जनताले सुशासन, समृद्धि र राजनीतिक स्थायित्व चाहेको बताउँदै उहाँले सबैको सहकार्य र समन्वयमा अहिलेको व्यवस्थालाई सुधार गरेर लैजानुपर्ने धारणा राख्नुभयो ।

# मह र मासमा अनुदान पाएपछि तनहुँका किसान उत्साहित

पोखरापत्र संवाददाता
दमौली, २८ जेठ



आँबुखैरेनी गाउँपालिकाले किसानलाई मह र मास उत्पादनमा अनुदान दिएपछि किसान उत्साहित भएका छन् । उत्पादनमा आधारित अनुदान कार्यक्रमअन्तर्गत किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले मह र मासमा अनुदान दिएको हो ।

गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीका अनुसार किसानलाई मह र मासखेतीमा आकर्षित गर्ने उद्देश्यसहित पालिकाले प्रतिकिलो रु २५ का दरले अनुदान दिएको हो । आँबुखैरेनी-४ र ५ का किसानले चालु आर्थिक वर्षमा मह र मास उत्पादन गरेबापत रु तीन लाख ९३ हजार ४५० अनुदान पाएका छन् । पालिकाले मह र मास हाटबजारसम्म ढुवानीको व्यवस्था पनि मिलाएको छ । प्रमुख केसीले भन्नुभयो, "पालिकामा मास र मह उत्पादनको सम्भावना छ । किसानलाई यसमा टिकाइराख्न अनुदानको नीति लिइएको हो । प्रतिकिलो रु २५ का दरले अनुदान दिन्छौं ।" चालु आर्थिक वर्षमा सात कृषक समूहमा आबद्ध एक सय २३ किसानले अनुदान पाएका छन् । आँबुखैरेनी गाउँपालिका-४ स्थित थामचुली मौरीपालक कृषक समूहमा आबद्ध किसानले चार सय ५० किलो मास र दुई सय ५८ किलो मह उत्पादन गरेबापत रु १७ हजार ७०० अनुदान पाएका छन् । त्यसैगरी आँबुखैरेनी-४ स्थित खसाङ गाउँ कृषक समूहमा आबद्ध किसानले दुई हजार ७९७ किलो मास उत्पादन गरेबापत रु ६९ हजार ९२५ अनुदान पाएका छन् ।

आँबुखैरेनी-५ स्थित माइ छिम्केश्वरी कृषक समूहमा आबद्ध किसानले आठ सय ७१ किलो मास उत्पादन गरेबापत रु २१ हजार सात सय ७५ अनुदान पाएका छन् । आँबुखैरेनी-५ कै खोलागाउँ कृषक समूहमा आबद्ध किसानले दुई हजार ५९० किलो मास उत्पादन गरेबापत रु ६४ हजार ७५० अनुदान पाएका छन् । इन्द्रदेवी कृषक समूहमा आबद्ध किसानले एक हजार ५० किलो मास उत्पादन गरेबापत रु २६ हजार २५० अनुदान पाएका छन् । भुकुन्डी खेउसिङ कृषक समूहमा आबद्ध किसानले छ हजार सात किलो मास उत्पादन गरेबापत रु एक लाख ५० हजार १७५ अनुदान पाएका छन् । आँबुखैरेनी गाउँपालिका-४ स्थित थानीमाइ कृषक समूहमा आबद्ध किसानले एक हजार ७३२ किलो मास र ११ किलो मह उत्पादन गरेबापत रु ४३ हजार ५७५ अनुदान पाएका छन् । खोला गाउँ कृषक समूहका अध्यक्ष शुकमाया प्रजाले उत्पादनमा आधारित अनुदानले किसान आकर्षित भएका बताउनुभयो । रासससँगको कुराकानीमा उहाँले भन्नुभयो, "मास र महका लागि पालिकाले सहयोग गरेपछि किसान यसतर्फ टिकिराख्न सक्छन् ।" भुकुण्डी खेउसिङ कृषक समूहका अध्यक्ष विमला गुरुङले अनुदान नीतिले किसानलाई कृषिमा आकर्षित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

# विदेशबाट फर्केर ३० रोपनीमा व्यावसायिक अकबरेखेती

पोखरापत्र संवाददाता
वालिङ २८ जेठ




यहाँका एक युवाले व्यावसायिकरुपमा अकबरे खुर्सानीखेती थाल्नुभएको छ । स्याङ्जाको गल्याङ नगरपालिका-१ चौरका असिम तिवारीलेस्वदेशफर्केसँगैविदेशमा सिकेको सीपको सदुपयोग गर्दै व्यावसायिकरुपमा अकबरे खुर्सानीखेती सुरु गर्नुभएको हो ।

दुई वर्ष रसियामा कृषि क्षेत्रमै काम गरेको अनुभव संगाल्नुभएका तिवारी आफ्नै ठाउँमा फर्केर व्यवसाय थाल्ने हुटहुटीसहितस्वदेशफर्किनुभएकोहो। स्वदेश फर्केको २-३ महिनापछि नै उहाँ व्यावसायिकरुपमा अकबरे खुर्सानी लगाउने योजना बनाएर अगाडि बढ्नुभएको हो ।

"स्थानीय बजारसहित देशैभर र अन्तरराष्ट्रिय बजारमा समेत अकबरे खुर्सानीको माग उच्च रहेको पाएँ", उहाँले भन्नुभयो, "आफूलाई कृषि क्षेत्रमा भएको अनुभव साथै खुर्सानीको बजारीकरण तथा खपत राम्रो हुने देखेर व्यावसायिक रुपमा अगाडि बढेको हुँ ।"

मातृभूमि कृषि तथा पशुपंक्षी फार्म दर्ता गरेर व्यवसाय थाल्नुभएका तिवारीले ३० रोपनी जमिन भाडामा लिनुभएको छ । उहाँले भाडामा लिएको जमिनको व्यवस्थापन, मलखाद, खनजोत तथा खुर्सानीको नर्सरी आफैं राखेर जेठको पहिलो साता खुर्सानी रोप्नुभएको हो ।

"जग्गा व्यवस्थापन, जग्गा सम्झौता, आवश्यक यन्त्र उपकरण खरिद, कामदार लगायतको कामका लागि हालसम्म झण्डै रु २५ लाख लगानी भएको छ", उहाँले भन्नुभयो, "करिब ३० रोपनी क्षेत्रफलमा झण्डै २५ हजार अकबरे खुर्सानी लगाएको छु ।" खुर्सानी उत्पादनका लागि यहाँको हावापानी उपयुक्त रहेको उहाँले बताउनुभयो । जेठको पहिलो साता लगाइएको खुर्सानीले भदौ, असोजमा उत्पादन दिन्छ ।

एउटा राम्रो बोटबाट एकदेखि तीन किलोसम्म खुर्सानी उत्पादन हुने उहाँले बताउनुभयो । तिवारीसँगै अहिले व्यावसायिक अकबरेखेतीमा अन्य दुई जनाले पनि साथ दिनुभएको छ । खुर्सानीखेतीका लागि सुरुदेखि नै नगरपालिकाका कृषि प्राविधिकले प्राविधिक सल्लाह तथा परामर्श दिने र अवलोकन गर्ने कार्य भइरहेको उहाँले बताउनुभयो ।

"विदेशमा सिकेको सीपलाई आफ्नै ठाउँमा सदुपयोग गर्दै यहीं स्थापित हुने लक्ष्य र उद्देश्यसहित गाउँ फर्किएको हुँ", उहाँले भन्नुभयो, "यस वर्ष ठूलो मात्रामा अकबरेखेती थालेको र आगामी वर्षदेखि व्यवसाय विस्तार गर्दै बाख्रापालन गर्ने तयारी भइरहेको छ ।" गाउँघरमा पछिल्लो समय खेतीपाती नगरी जमिन बाँझो राख्ने क्रम बढ्दै गइरहेका बेला बाँझो जमिनको सदुपयोग गर्दै युवाले ठूलो मात्रामा थालेको व्यावसायिक अकबरेखेतीका बारेमा जान्न बुझ्न आसपासका स्थानीय फर्ममा पुग्ने गरेका छन् ।

# बन्दीपुर अस्पतालमा पखाला र ज्वरोका बिरामी बढे

पोखरापत्र संवाददाता
तनहुँ, २८ जेठ

यहाँको बन्दीपुर अस्पतालमा पखाला, ज्वरो, टाइफाइड, डेङ्गु र रुघाखोकीलगायतका मौसमी बिरामीको सङ्ख्या वृद्धि हुन थालेको छ । १५ शय्या क्षमताको सो अस्पताल केही दिन देखि बिरामीले भरिभराउ हुन थालेको छ ।

हाल अस्पतालमा दैनिक १०० बढी बिरामी उपचारका लागि आउने गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा अनिल गिरीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "यसअघि दिनमा ३५/४० बिरामी आउने गरेका थिए । अस्पतालबाट प्रभावकारी सेवा पाउन थालेपछि बिरामीको चाप बढ्दै गएको छ ।" बिरामीको सङ्ख्या दैनिक बढ्दो देखिएपछि पानीको स्रोतमा 'कोलिफर्म' परीक्षण गर्न थालिएको छ । "अस्पतालमा चौबिसै घण्टा सेवा दिन आएको छौं," उहाँले भन्नुभयो, "वैशाख १ गतेदेखि बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म ओपिडी सेवा दिइएको छ ।" उपचारमा आउने बिरामीलाई टिकट निःशुल्क गरिएको छ । बन्दीपुर गाउँपालिकाका साथै छिमेकी पालिका व्यासनगर, आँबुखैरेनी र गोरखा पालुङ्टारबाट समेत यहाँ बिरामी उपचारका लागि आउने गरेका छन् । स्वास्थ्य बिमा कार्ड र अस्पतालको टिकट कार्ड देखाएमा बन्दीपुर केवलकारले रु २०० मा आवतजावत गर्ने सुविधा दिएपछि गोरखा पालुङटारबाट आउने बिरामी सङ्ख्या बढ्न थालेका छन् ।

# बागलुङका सबै पालिका पूर्णखोप सुनिश्चित घोषणा

पोखरापत्र संवाददाता
वालिङ २८ जेठ

बागलुङका १० वटै स्थानीय तह पूर्णखोप सुनिश्चितता तथा दिगोपना भएको घोषणा गरिएको छ । चार नगरपालिका र छ गाउँपालिका रहेको बागलुङमा सबै पालिका पूर्णखोप घोषणा भएका हुन् ।

बागलुङ नगरपालिकामा जन्मेदेखि १५ महिना उमेर समूहका ६६३ जना नियमित खोप लगाइरहेको र १६ देखि २४ महिना उमेर समूहका चार ४४९ जनालाई खोप दिएपछि नगर पूर्णखोप सुनिश्चित नगर बनेको स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले जानकारी दिनुभयो । नगरपालिकाका १४ वटै वडाका स्वास्थ्य संस्थामा खोपको सुविधा रहेको उहाँको भनाइ छ । गलकोट नगरपालिकामा जन्मेदेखि १५ महिनासम्मका ४२७ जना बालबालिका र १६ देखि २३ महिनाका ३२७ जना बालबालिकालाई खोप दिएपछि नगरपालिकालाई पूर्णखोप सुनिश्चित नगर घोषणा गरेको स्वास्थ्य शाखा प्रमुख सुशील पौडेलले जानकारी दिनुभयो । पालिकामा १४ वटा स्वास्थ्य संस्था रहेको र ती सबै संस्थाबाट खोप दिने व्यवस्था मिलाइएको उहाँको भनाइ छ ।

त्यस्तै ढोरपाटन नगरपालिका पनि पूर्ण खोप घोषणा भएको छ । जन्मेदेखि १५ महिना उमेर समूहका ६०८ जना र १६ देखि २३ महिना उमेर समुहका ४५४ जना बालबालिकालाई खोप दिएपछि नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरेको स्वास्थ्य संयोजक भूमिश्वर शर्माले बताउनुभयो ।

गत माघ १ गतेदेखि खोजपड्ताल कार्यक्रम सुरु गरिएको र चैत र वैशाख महिनामा नौवटै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा गरिएपछि पालिका घोषणा गरिएको उहाँको भनाइ छ ।

जैमिनी नगरपालिकामा जन्मेदेखि १५ महिना उमेर समूहका ३१३ जना बालबालिका र १६ देखि २३ महिना उमेर समूहका २२६ जना बालबालिकालाई खोप दिएपछि नगरपालिकालाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरेको स्वास्थ्य संयोजक गोविन्दप्रसाद शर्माले जानकारी दिनुभयो । जिल्लाको ताराखोला गाउँपालिकामा १५ महिना उमेर समूहका १२३ जना नियमित खोप लगाइहेका र १६ देखि २३ महिना उमेर समूहका ७० जनालाई खोप दिएपछि गाउँपालिकालाई पूर्णखोप सुनिश्चित घोषणा गरेको स्वास्थ्य शाखा प्रमुख उदीत थापाले जानकारी दिनुभयो । पलिकामा छ वटा स्वास्थ्य संस्था रहेको र ती सबैबाट खोप सेवा दिइरहेको उहाँको भनाइ छ ।

बरेङ गाउँपालिकामा १५ महिना उमेर समूहका १३६ जना नियमित खोप लगाइहेका र १६ देखि ५९ महिना उमेर समूहका ५०९ जनालाई खोप दिएपछि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित घोषणा गरेको स्वास्थ्य शाखा पदमबहादुर पुनःजानकारी दिनुभयो । गाउँपालिकाभर १० वटा स्वास्थ्य संस्था छन् ती सबैबाट बालबालिकालाई खोप दिने गरेको उहाँको भनाइ छ ।

त्यस्तै जिल्लाको सबैभन्दा दुर्गम मानिने तमानखोला गाउँपालिकालाई पूर्णखोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको छ। जन्मेदेखि १५ महिना उमेर समूहका १६३ जना र १६ देखि २४ महिना उमेर समूहका ११४ जना बालबालिकालाई खोप दिएपछि गाउँपालिकालाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिएको हो ।

गाउँपालिकाका छवटै वडाका स्वास्थ्य संस्थाबाट बालबालिकालाई खोप दिँदै आएको स्वास्थ्य शाखा प्रमुख तिलबहादुर छन्त्यालले बताउनुभयो । सुरुमा सबै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा गरेको उहाँको भनाइ छ । राष्ट्रिय खोप तालिकाअनुसार तोकिएका उमेर समूहका बालबालिकाले सबै खोपकोमात्रा पूरा गरेको छन्त्याल बताउनुहुन्छ।काठेखोलागाउँपालिका पनि पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा भएको छ । गाउँपालिकाभित्रका जन्मेदेखि १५ महिना उमेर समूहका २२७ जना र १६ महिनादेखि २३ महिना उमेर समूहका २०७ जना बालबालिकाले पूर्ण खोप लगाएसँगैकाठेखोलागाउँपालिका पूर्ण खोप सुनिश्चितता घोषणा गरेको स्वास्थ्य शाखाका प्रमुख सोमराज पाण्डेयले बताउनुभयो ।

जिल्लाको निसीखोला गाउँपालिका पनि पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा भएको छ । गाउँपालिकाभित्रका जन्मेदेखि १५ महिना उमेर समूहका ४५२ जना र १६ महिनादेखि २३ महिना उमेर समूहका ३७६ जना बालबालिकाले पूर्ण खोप लगाएसँगैकाठेखोलागाउँपालिका पूर्णखोप सुनिश्चितता घोषणा गरेको स्वास्थ्य शाखाका प्रमुख जुनी घर्तीमगरले बताउनुभयो ।

बडिगाड गाउँपालिका पनि पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा भएको छ । गाउँपालिकाभित्रका जन्मेदेखि १५ महिना उमेर समूहका ४४० जना र १६ महिनादेखि २३ महिना उमेर समूहका ३५५ जना बालबालिकालेपूर्णखोपलगाएसँगै काठेखोला गाउँपालिका पूर्ण खोप सुनिश्चितता घोषणा गरेको स्वास्थ्य शाखाका प्रमुख विपेन्द्र केसीले जानकारी दिनुभयो । पालिकाभरका बडिगाडमा १५ वटा स्वास्थ्य संस्थाबाट बालबालिकालाई खोप दिने गरिएको उहाँको भनाइ छ ।

यही जेठ ३० गते बागलुङ जिल्लालाई नै पूर्ण खोप जिल्ला घोषणा गरिने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख घनश्याम सापकोटाले जानकारी दिनुभयो । जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्न तयारी भइरहेको उहाँको भनाइ छ ।

# 'चक्रपथ स्तरोन्नतिपछि चिटिक्क देखियो बेनीबजार'

पोखरापत्र संवाददाता
म्याग्दी, २८ जेठ

कालीगण्डकी र म्याग्दी नदीको सङ्गमस्थलमा रहेको म्याग्दीको सदरमुकाम बेनीमा चक्रपथ (रिङरोड) स्तरोन्नतिको काम पूरा भएपछि बजार सुरक्षित हुनुका साथ सुन्दर देखिएको छ ।

नदी कटानबाट सुरक्षित राख्न निर्माण गरिएको तटबन्धमाथि 'आरसिसी' ढलान गरी चक्रपथ बनाएपछि नदी तटमा रहेको बेनीबजार सुरक्षित हुनुका साथ चिटिक्क देखिएको छ । नेपाल सरकारको देशभर १० वटा नमूना नगरपालिका बनाउने कार्यक्रमअन्तर्गत रु तीन करोड १९ लाखको लगानीमा बेनीबजार स्थित चक्रपथ स्तरोन्नतिको काम पूरा भएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो । बेनी नगरपालिका-८, कालीपुलदेखि दोभान हुँदै खुलामञ्चको पश्चिमतर्फ बहुउद्देश्यीय मैदान छेउसम्म करिब ९०० मिटर लम्बाइ र पाँचदेखि छ मिटर चौडाइको सडकमा नालीसमेत निर्माण गरिएको छ । यसरी बेनी बजारको बाहिरि क्षेत्र कालीगण्डकी र म्याग्दी नदीको किनारैकिनार चक्रपथ बनेपछि सवारीसाधन आवागमनमा सहज भएको र बजार क्षेत्रको भित्री भागमा सवारीसाधनको चाप घटी दुर्घटनाको जोखिम पनि कम भएको नगरप्रमुख केसीले स्पष्ट गर्नुभयो । बाढीको उच्च जोखिमयुक्त जिल्ला सदरमुकाम बेनीबजार संरक्षणका लागि 'आरसिसी' तथा 'मेसिनरी' तटबन्ध निर्माणको कामले निरन्तरता पाइरहेको छ । विसं २०७३ मा कालीगण्डकी नदी किनारमा पक्की र म्याग्दी नदी किनारमा मेसिनरी पर्खाल लगाउने गरी जल उत्पन्न प्रकोप नियन्त्रण सब-डिभिजन कार्यालय बागलुङले बेनी बजार संरक्षण आयोजना सुरु गरेको थियो ।

विसं २०७२ मा कालीगण्डकी किनारमा रु एक करोड ८८ लाखको लागतमा १२४ दशमलव पाँच मिटर र २०७० सालमा ६३ मिटर पक्की पर्खाल निर्माण गरिएको थियो । यसैबीच सिँचाइ मन्त्रालयले बेनीबजार संरक्षण कार्यक्रमको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरेको थियो । कालीगण्डकी र म्याग्दीको सङ्गमस्थलमा रहेको बेनीबजार १७ औं शताब्दीमा बस्ती विस्तार भएको एक ऐतिहासिक एवं रमणीय बस्ती हो । इतिहासकार चन्द्रप्रकाश बानियाँका अनुसार १६३१ सालमा पर्वत राज्यको विखण्डन भएपछि पर्वत सातौं राजा मलेबम मल्लले पर्वत राज्यको राजधानी बेनीमा सारेपछि व्यापारिक यात्राको सुरुआत र बस्ती विस्तार भएको हो ।

अन्नपूर्ण सर्किटअन्तर्गत प्रमुख पर्यटकीय आकर्षण र बासस्थान बनेको बेनी बजार राजधानी काठमाडौंदेखि करिब ३०० किलोमिटर पश्चिममा अवस्थित छ । सदरमुकाम बेनी र आसपासका क्षेत्रबाट अन्नपूर्ण, धौलागिरि, नीलगिरि, चुरेन, मानापाथी र गुर्जासहित एक दर्जनभन्दा बढी हिमशृङ्खला देख्न सकिन्छ ।


## नागरीक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ हेमजा सापकोटाचोक उकालो बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरीक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : सापकोटा चोक उकालो बाटो निर्माण
उपभोक्ता समितिको नाम : सापकोटा चोक उकालो बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
योजना सुरु मिति : २०८२/०१/१७
योजना सम्पन्न हुने मिति : २०८२/०२/३१
महानगरपालिका बाट प्राप्त : १०,००,०००/-
जनसहभागिता : १,७३,५००/-
कुल लागत : ११,७३,५००/-
उपभोक्ता समिति संख्या : ९ जना
महिला संख्या : ३ जना

सुर्य बहादुर कुवँर
अध्यक्ष
सापकोटा चोक उकालो बाटो निर्माण उपभोक्ता समिति,
पोखरा-२५, कास्की



## नागरीक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ गाईपानी टोलमा मोटर बाटोको स्तर उन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरीक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : गाईपानी शिव मन्दिर सापेको स्वारा बिसौना सडक स्तरोन्ती
उपभोक्ता समितिको नाम : गाईपानी शिव मन्दिर सापेको स्वारा बिसौना सडक स्तरोन्ती उपभोक्ता समिति, पोखरा-१३, कास्की
योजना सम्झौता मिति : २०८१/०१/०४
योजना सुरु मिति : २०८१/११/०५
योजना सम्पन्न हुने मिति : २०८२/०१/१५
महानगरपालिका बाट प्राप्त : ७,००,०००/-
जनसहभागिता : १,२३,५२९/-
कुल लागत : ८,२३,५२९/-

धुबराज बराल
अध्यक्ष
गाईपानी शिव मन्दिर सापेको स्वारा बिसौना सडक स्तरोन्ती उपभोक्ता समिति, पोखरा-१३, कास्की